Phone No:076550383
Google + Code: M5QF+48

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०८०।८१
चलानी नं.:

मिति: २०८०/०८/०८

**नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थालाई जारी गरिएको सूचना।**

प्रस्तुत विषयमा सहकारी विभागको मिति २०८०/०७/२४ गतेको पत्र र सो सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९८, मिति २०८०/०८/०६ गतेको पत्रबाट सहकारी संस्थाहरुको नियमनका सम्बन्धमा लेखिआएको हुँदा यस बाणगंगा नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेको सबै सहकारी संस्थाहरुले तपशिलका बुँदाहरु कार्यान्वयन गर्नु/ गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

तपशिल:

१. **स्वेतपत्र जारी गर्ने सम्बन्धमा**: सबै सहकारी संस्थाले २०८० साल मंसिर मसान्त भित्र संस्थाको दायित्व, लगानी तथा सम्पत्ति लगाएतका वित्तिय विवरणहरु समावेश भएको स्वेतपत्र यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन।

२. **संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु तथा व्यवस्थापकहरुको सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा**: सबै सहकारी संस्थामा रहेका संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकहरुको सम्पत्ति विवरण अलग-अलग खाम बन्दी गरी मिति २०८० साल मंसिर मसान्त भित्र नियमानुसार पेश गर्नुहुन।

३. **कोपोमिस प्रणालीमा आवश्यक विवरण प्रविष्टी र अद्यावधिक गर्ने सम्बन्धमा**: सबै सहकारी संस्थाहरुले नियमित रुपमा संस्थाको मासिक तथा वार्षिक वित्तिय प्रतिवेदन, साधारण सभा, निर्वाचन कार्यक्रम, मासिक बैठक, सम्पत्ति शुद्धिकरण निवारण सँग सम्बन्धित विवरण, सञ्चालक समितिका सदस्यहरुले लिईएको ऋणको विवरण र सुविधाको रकम तथा सबै सदस्यहरुको विवरण नियमित रुपमा तोकिएको समयभित्र प्रविष्टि गरी प्रणालीबाटै जानकारी पठाउने व्यवस्था मिलाउनुहुन।

केशवराज भट्टराई
शाखा अधिकृत

**सादर अवगतार्थ:**

श्री नगरप्रमुख / उप-प्रमुखज्यू, बाणगंगा नगरपालिका कपिलवस्तु।

**बोधार्थ:**

श्री सहकारी सञ्जाल, बाणगंगा नगरपालिका कपिलवस्तु।